

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १८० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार ३१ गते शुक्रबार ❑ 15 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकी प्रदेशको बजेट पारित

पोखरापत्र संवाददाता

पोखरा, ३० असार

गण्डकी प्रदेश सरकारको बजेट पारित भएको छ। विहीबार बसेको प्रदेश सभाको बैठकमा बहुमतले आर्थिक बर्ष २०७९/०८० को बजेट पारित गरेको हो।

अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले आर्थिक बर्ष २०७९/०८० का लागि ३५ अर्ब ९० करोड ९० लाखको बजेट असार १ गते प्रदेश सभा बैठकमा पेस गरेका थिए। आगामी आर्थिक वर्ष २०७९/८० का लागि विनियोजन गरिएको उक्त बजेट मध्य चालुतर्फ ३६ दशमलब ९२ प्रतिशत र पुँजीगत तर्फ ६१ दशमलब ६९ प्रतिशत रहेको थियो । गण्डकी प्रदेशको लागि आगामी आवको बजेटको स्रोत मध्ये रू ९ अर्व २३ करोड ९२ लाख राजश्वको बाँडफाँटबाट प्राप्त रकम र रू ५ अर्व ९ करोड १६ लाख आन्तरिक आय गरी कुल रू १४ अर्व ३३ करोड ८ लाख जम्मा आम्दानी हुने अर्थ मन्त्रालयले जनाएको छ।

मन्त्रालयगत रुपमा उठेका प्रश्नको जबाफ दिदै अर्थ मन्त्री बरालले प्रदेश गौरवका आयोजनाहरू, बहुवर्षीय स्रोत सुनिश्चित भएका आयोजनाहरूमा बजेटको अभाव हुन नदिन बहुवर्षीय स्रोत सुनिश्चितता भएका आयोजनामा विनियोजित रकम बहुबर्षीय स्रोत सुनिश्चितता भएका अन्य आयोजनामा बाहेक अन्यत्र रकमान्तर गर्न नपाइने व्यवस्था गरेको बताए । पर्यटन क्षेत्रलाई राजस्वको दायरामा समेटिने व्यवस्था गरिएको, ट्राफिक प्रहरीले उठाउने सबै किसिमका जरिवाना प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको मन्त्री बरालले बताए । त्यसै गरी सवारी साधन मर्मत गर्ने वर्कसप, कारखाना, सोरुम को अनिवार्य दर्ता व्यवस्था गरिएको छ भने दर्ता भएका सबै सवारी साधनमा इम्बोस्ड नम्वर प्लेट जडान गर्न आवश्यक व्यवस्था गरिएको उनले जनाए । अन्नपूर्ण संरक्षण क्षेत्र, मनासलु संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्षण, राष्ट्रिय निकुञ्जको मध्यवर्तीक्षेत्रबाट प्राप्त हुने आम्दानीलाई प्रदेश सञ्चित कोषमा आवद्ध गराउन आवश्यक व्यवस्था मिलाइने मन्त्री बरालले बताए। वार्षिक विकास कार्यक्रम पुस्तिकामा अत्यन्त न्युन रकम विनियोजन सम्बन्धमाः साना टुक्रे मसिना आयोजनाहरू कम्तिमा पनि १० लाख भन्दा कम बजेटका आयोजनाहरू नराखौं भनेर आफुले अडान राख्दा राख्दै केही साना तथा टुक्रे योजना समेटिएको मन्त्री बरालले जनाए।

## निष्पक्षता र मूल्याङ्कनका आधारमा सबैलाई न्याय हुनुपर्छ : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता

दमौली, ३० असार

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले न्याय, निष्पक्षता र मूल्याङ्कनका आधारमा पार्टीभित्र न्याय हुनुपर्ने बताउनुभएको छ।

नेपाल प्रेस युनियन तनहुँ शाखाले बिहीबारदमौलीमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै वरिष्ठ नेता पौडेलले पार्टीभित्र कसैलाई पनि अन्याय हुन नहुने धारणा राख्नुभयो । "पार्टीभित्र भिन्न मत राख्नेको पनि कदर हुनुपर्छ", उहाँले भन्नुभयो।

वरिष्ठ नेता पौडेलले कांग्रेस लोकतान्त्रिक पार्टी भएकाले सबैको मतको कदर गर्नुपर्ने उहाँको भनाइ थियो। वरिष्ठ नेता पौडेलले विगतका सरकारले गरेका गल्ती दोहोऱ्याउने छुट वर्तमान सरकारलाई नभएको बताउनुभयो । आगामी निर्वाचनमा उम्मेदवार बन्नेबारे सञ्चारकर्मीले सोधेको प्रश्नमा पौडेलले पार्टीले आफ्नो आवश्यकता कसरी महसुस गर्छ त्यसपछि मात्रै आफूले धारणा सार्वजनिक गर्ने बताउनुभयो । "मेरो इच्छामा मात्र भरपर्ने कुरा होइन, पार्टीले मेरो आवश्यकता महसुशलाई कसरी लिन्छ त्यसपछि मात्रै कुरा हुन्छ", उहाँले भन्नुभयो, "१४औं महाधिवेशनमा सभापतिले देशलाई तपाईको आवश्यकता छ, स्वास्थ्यको ख्याल गर्नुहोस् भन्नुभएको थियो ।"

वरिष्ठ नेता पौडेलले अहिलेको गठबन्धन स्थिरताका लागि भएको प्रष्ट पार्नुभयो । मुलुकलाई स्थिरता कायम गरी विकासको बाटोमा अगाडि बढाउने आफूहरूको मूल लक्ष्य रहेको पौडेलको भनाइ थियो । "अहिले कांग्रेस र कम्युनिष्टको सवाल होइन, मुलुकको स्थिरताको सवाल हो," पौडेलले भन्नुभयो । मुलुकमा स्थायित्व र सुशासनको जग बसालेर राजनीति छाड्न मन रहेको वरिष्ठ नेता पौडेलले बताउनुभयो।

राष्ट्र बैंकका गर्भनर पार्टीको कमिटीमा बस्नु संवैधानिक र कानुन विपरीत रहेको उहाँको भनाइ थियो । "मलाई व्यवस्थाको चिन्ता भएकाले जिल्ला आउन कमी भएको थियो, अब विकासमा हलचल आउँछ", उहाँले भन्नुभयो।

## उपसभामुखमा कांग्रेसका गौतम र एमालेका भट्टराईको उम्मेदवारी दर्ता

रासस

काठमाडौं, ३० असार

प्रतिनिधिसभाको उपसभामुख पदका लागि शुक्रबार हुने निर्वाचनमा सत्तारुढ पाँच दलका तर्फबाट काँग्रेसकी पुष्पा भुसाल (गौतम) र एमालेका तर्फबाट विद्या भट्टराईबीच प्रतिस्पर्धा हुने भएको छ।

तर प्रतिनिधि सभामा गठबन्धनतर्फ बहुमत भएकाले भुसालको जीत निश्चित जस्तै छ । संघीय संसद सचिवालयले उपसभामुख चयनका लागि उम्मेदवारी मनोनयन गर्न बिहीबारलाई निर्धारण गरेको समयसीमाभित्र भुसाल र भट्टराईको मात्रै मनोनयन दर्ता भएपछि उनीहरुबीच प्रतिस्पर्धा हुने भएको हो । उपसभामुख पदका लागि शुक्रबार दिउँसो ३ बजे निर्वाचन हुदैछ।



गठबन्धनका तर्फबाट उपसभामुखमा उठेकी भुसालको प्रस्तावकमा माओवादी सांसद देव गुरुङ छन् भने समर्थकमा एकीकृत समाजवादीकी लक्ष्मी चौधरी छन् । उता गठबन्धनविरुद्ध एक्लै प्रतिस्पर्धा गर्न लागेको एमाले उम्मेदवार भट्टराईको प्रस्तावकमा एमालेकै सांसद शान्ता चौधरी र समर्थकमा कृष्णभक्त पोखरेल रहेका छन्। उम्मेदवारको मनोनयन गर्ने केही घण्टा अघिसम्म एमालेले उपसभामुखमा लोकतान्त्रिक समाजवादी पार्टीलाई सघाउने भनेपनि अन्तिम समयमा लोसपाले हार्ने निश्चित भएकाले उम्मेदवारी नदिने निर्णय गरेको थियो । लोसपाको उक्त निर्णयपछि एमालेले आफ्नै उम्मेदवार उभ्याएको हो।

०७६ सालदेखि रिक्त रहेको उपसभामुखका लागि बुधबार सभामुख अग्निप्रसाद सापकोटाले निर्वाचन गर्ने घोषणासहित निर्वाचन कार्यतालिका सार्वजनिक गरेका थिए।

२७५ सदस्यीय प्रतिनिधि सभामा हाल २७१ सांसद रहेका छन्। जसमा नेकपा एमालेका ९८ जना रहेका छन् । त्यस्तै सत्तारुढ पाँच दलमध्ये नेपाली काँग्रेसका ६३, नेकपा माओवादी केन्द्रका ४९, नेकपा समाजवादीका २३, जनता समाजवादीका १९ तथा राष्ट्रिय जनमोर्चाका १ गरी जम्मा १५५ जना रहेका छन् । त्यसबाहेक महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादीका १३ सांसदले पनि गठबन्धनकै उम्मेदवार भुसाललाई मतदान गर्ने भएका छन्। यसो हुँदा भुसालको पक्षमा १६७ सांसद पुग्ने देखिएको छ । उता एमालेलाई भने राप्रपा, नेमकिपाका र स्वतन्त्र एकएक सांसदले मतदान गरेपनि १०१ सय मात्र हुने देखिएको छ।

## वैज्ञानिक सोच भएका कम्युनिष्टहरू एक हुनैपर्छः माओवादी अध्यक्ष प्रचण्ड

रासस

काठमाडौं, ३० असार

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले वैज्ञानिक विचार भएका कम्युनिष्ट शक्तिहरू एक हुनुपर्नेमा जोड दिनुभएको छ।

ि व क ल्प फाउण्डेशनले बिहीबार यहाँ आयोजना गरेको विज्ञान तथा सूचना-प्रविधिसम्बन्धी नीति संवाद कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले अझै पनि वैज्ञानिक सोच राख्ने इमान्दार कम्युनिष्टहरू एक हुनाको विकल्प नरहेको बताउनुभयो । अध्यक्ष प्रचण्डले भन्नुभयो, "नेपालमा अलिक वैज्ञानिक विचार राख्ने भनेका कम्युनिष्ट नै हुन् सबै कम्युनिष्टलाई एकै ठाउँमा जम्मा गरेपछि धेरै राम्रो हुन्छ होला भनेर हिजो निकै ठूलो जोखिम र त्याग गरेर आफूले कम्युनिष्ट एकता गराएकै हो। अझै पनि वैज्ञानिक सोच राख्ने इमान्दार कम्युनिष्ट एक हुनैपर्छ त्यो मिसन हाम्रो जारी रहन्छ ।" उहाँले वैज्ञानिक विचार राख्नेहरू एकताका साथ अघि बढेमात्रै विज्ञान र प्रविधिको क्षेत्रमा नीतिगत सुधार गरेर विकास र समृद्धिको यात्रामा अगाडि बढ्न सकिने धारणा राख्नुभयो।

अध्यक्ष प्रचण्डले विज्ञान र प्रविधिमा आम मानिसको अपरिहार्यता अनुरुप वैज्ञानिक आविष्कार हुँदै आएको छ भन्दै अहिलेको डिजिटलयुगमा मानिसको उत्पादनशक्ति र उत्पादकत्व अभिवृद्धिका लागि विज्ञान र प्रविधिलाई उपयोग गरिनुपर्ने खाँचो औंल्याउनुभयो।

उहाँले वैज्ञानिकरूपमा सामाजिक रुपान्तरण र नयाँ उत्पादन र उत्पादकत्व शक्ति बढाउन विज्ञानलाई सचेतरुपले प्रयोग गरिनुपर्ने धारणा व्यक्त गर्नुभयो। वैज्ञानिक सोचसहितको नयाँ खालको बहस नेपाली समाजलाई आवश्यक परेको भन्दै अध्यक्ष प्रचण्डले त्यसको नेतृत्व र आन्दोलनका लागि पुनः एक ठाउँमा उभिनुपर्नेमा जोड दिनुभयो।

उहाँले वैज्ञानिक विचारधारा, विकास र समृद्धिको यात्रामा होमिएका राजनीतिक शक्तिहरूबीच यो छलफललाई अझ व्यवस्थित र योजनाबद्धरुपले अभियानकै रुपमा अघि बढाउन जरुरी भएको उल्लेख गर्नुभयो।

## सचेत भएर गठबन्धन अघि बढाउन कांग्रेस केन्द्रीय सदस्यको सुझाव

रासस

काठमाडौं, ३० असार

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकमा केन्द्रीय सदस्यहरूले सचेत भएर सत्तारूढ गठबन्धनलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभएको छ।

पार्टी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको सभापतित्वमा पार्टीको केन्द्रीय कार्यालय, बिपी स्मृति भवन, बिपी नगर, ललितपुरमा बसेको बैठकमा सदस्यले पार्टीले नेतृत्व गरेको गठबन्धन लोकतान्त्रिक मूल्य, मान्यता एवं विधिको शासनका लागि भएकाले यसको निरन्तरता दिँदा सचेत हुनुपर्ने सुझाव राख्नुभएको हो।

बैठकमा बोल्ने सदस्यले भ्रातृ एवं शुभेच्छुक संस्थाको पूर्णता, नेपाल राष्ट्र बैंकका गभर्नर प्रकरणलगायत समसामयिक विषयमा विचार राख्नुभएको केन्द्रीय सदस्य गङ्गालक्ष्मी अवालले राससलाई जानकारी दिनुभयो । असार २७ गतेदेखि सुरु भएको बैठकमा बिहीबार केन्द्रीय सदस्य गोपालमान श्रेष्ठ, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, कृष्णप्रसाद सिटौला, अर्जुननरसिंह केसी, सुनिलबहादुर थापा, बलबहादुर केसी, डा नारायण खड्का, अम्बिका बस्नेत, सुरेन्द्रराज पाण्डे, मिनाक्षी झा, सुजाता परियार, चिनकाजी श्रेष्ठ, ध्यानगोविन्द रञ्जित, रमा कोइराला (पौडेल), अर्जुनजङ्गबहादुर सिंह, उमेश श्रेष्ठ, मञ्जुकुमारी यादव, जानकी सिंह, सुशीला भट्ट मिश्र, गङ्गालक्ष्मी अवाल, सीताकुमारी राना र सुशीला ढकाल (आचार्य) ले आआफ्नो धारणा राख्नुभएको केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ । केन्द्रीय कार्यसमितिको अर्को बैठक असार ३२ गते शनिबार दिउँसो १ बजे पार्टीको केन्द्रीय कार्यालयमा पुनःबस्ने उहाँले जानकारी गराउनुभयो।

## खानेपानी आयोजनाका लागि बजेट अभाव हुँदैन : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता

दमौली, ३० असार

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले निर्माणाधीन खानेपानी आयोजनामा बजेट अभाव नहुने बताउनुभएको छ।

तनहुँको व्यास नगरपालिका-१३ स्थित छाब्दी पम्पिङ खानेपानी आयोजनाको ट्याङ्की निर्माण कार्यको बिहीबार निरीक्षण गर्दै वरिष्ठ नेता पौडेलले आयोजनामा बजेट अभाव हुन नदिने उल्लेख गर्नुभयो । निर्धारित समयमै आयोजना निर्माण सम्पन्न गर्नेतर्फ ध्यान दिन आग्रह गर्दै पौडेलले आवश्यक परेको खण्डमा सङ्घीय र प्रदेश सरकारबाट बजेट विनियोजन गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कांग्रेसको नेतृत्वमा विकास निर्माणको कामले तीव्रता पाएको बताउँदै नेता पौडेलले आगामी दिनमा यस क्षेत्रको विकासमा आफ्नो सदैव सहयोग रहने बताउनुभयो । निरीक्षणका क्रममा जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरपालिका-१३ का वडाध्यक्ष बसन्तबहादुर आलेको सहभागिता थियो । गण्डकी प्रदेश सरकारको रु पाँच करोड लागतमा ट्याङ्की निर्माण भइरहेको छ। क्रमागत योजनाअन्तर्गत हालसम्म रु तीन करोड बजेट प्राप्त भएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# तनहुँका स्थानीय तहको बेरुजु ३२ करोड

**पोखरापत्र संवाददाता**
**दमौली, ३० असार**

तनहुँका स्थानीय तहले आर्थिक वर्ष २७७/७८ मा रु ३२ करोड भन्दा बढी बजेट अनियमित तरिकाले खर्च गरेका छन् । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ५९औँ वार्षिक प्रतिवेदन अनुसार जिल्लाका दश स्थानीय तहको बेरुजु रकम उक्त आर्थिक वर्षमा रु ३२ करोड ४० लाख ९४ हजार रहेको छ ।

दश स्थानीय तहको रु १२ अर्ब ७६ करोड २२ लाख ५० हजारको लेखापरीक्षण गरिएको महालेखापरीक्षकको कार्यालयका नायब महालेखापरीक्षक विन्दु विष्टले जानकारी दिनुभयो । जिल्लाका स्थानीय तहको गत आर्थिक वर्ष भन्दा यो अवधिमा बेरुजु रकम केही घटेको छ । आर्थिक वर्ष २०७६/७७ मा जिल्लाका स्थानीय तहको बेरुजु रु ३४ करोड ४९ लाख एक हजार रहेको थियो । उक्त आर्थिक वर्षमा रु १२ अर्ब ३० करोड ३३ लाख ८७ हजारको लेखापरीक्षण गरिएको थियो ।

व्यास नगरपालिकामा रु दुई अर्ब ३५ करोड छ लाख ५५ हजारको लेखापरीक्षण गर्दा रु ११ करोड ७२ लाख ४७ हजार बेरुजु देखिएको छ । आँबुखैरेनी गाउँपालिकामा रु ९६ करोड ७७ लाख ६७ हजारको लेखापरीक्षण गर्दा रु दुई करोड तीन लाख ५४ हजार बेरुजु देखिएको छ। बन्दिपुर गाउँपालिकामा रु ६५ करोड ३४ लाख ३५ हजारको लेखापरीक्षण गर्दा रु एक करोड ७५ लाख ४४ हजार बेरुजु देखिएको छ । भानु नगरपालिकामा रु एक अर्ब ६५ करोड ७८ हजारको लेखापरीक्षण गर्दा रु चार करोड ४१ लाख ८७ हजार बेरुजु देखिएको छ ।शुक्लागण्डकी नगरपालिकामा रु दुई अर्बऔँ करोड ९७ लाख ५९ हजारको लेखापरीक्षण गर्दा रु पाँच करोड ९६ लाख ९३ हजार बेरुजु देखिएको छ । ऋषिङ गाउँपालिकामा रु एक अर्ब १५ करोड ७९ लाख ९४ हजारको लेखापरीक्षण गर्दा रु दुई करोड ५६ लाख ७३ हजार बेरुजु देखिएको छ । घिरिङ गाउँपालिकामा रु ६९ करोड १९ लाख ३१ हजारको लेखापरीक्षण गर्दा रु एक करोड आठ लाख ५६ हजार बेरुजु देखिएको छ। देवघाट गाउँपालिकामा रु ८६ करोड ९८ लाख ८० हजारको लेखापरीक्षण गर्दा रु एक करोड ७६ लाख ६७ हजार बेरुजु देखिएको छ।

म्याग्दे गाउँपालिकामा रु एक अर्ब नौ करोड ९७ लाख ८१ हजारको लेखापरीक्षण गर्दा रु ४५ लाख ५८ हजार बेरुजु देखिएको छ। भिमाद नगरपालिकामा रु एक अर्ब २२ करोड १७ लाख ७० हजारको लेखापरीक्षण गर्दा रु ६३ लाख १५ हजार बेरुजु देखिएको छ । व्यास नगरपालिकाले उक्त आर्थिक वर्षमा रु एक अर्ब १६ करोड ६२ लाख छ हजार, आँबुखैरेनी गाउँपालिकाले रु ४७ करोड ४९ लाख ४१ हजार, बन्दिपुर गाउँपालिकाले रु ३२ करोड ७१ लाख ७५ हजार, भानु नगरपालिकाले रु ७६ करोड ६९ लाख ३५ हजार खर्च गरेको प्रतिवेदनमा उल्लेख छ।

शुक्लागण्डकी नगरपालिकाले रु एक अर्ब १५ करोड ६९ लाख ९५ हजार, ऋषिङ गाउँपालिकाले रु ६९ करोड ९७ लाख ३२ हजार, घिरिङ गाउँपालिकाले रु ३४ करोड १५ हजार, देवघाट गाउँपालिकाले रु ४२ करोड ९० लाख ४५ हजार, म्याग्दे गाउँपालिकाले रु ५४ कराड ४२ लाख १२ हजार र भिमाद नगरपालिकाले रु ५९ करोड ८० लाख ७० हजार खर्च गरेको छ।

स्रोतको आकलन, राजस्व सङ्कलन, विकास निर्माण एवं सेवा प्रवाहमा स्थानीय तहले सम्पादन गरेका काम कारबाहीको विश्लेषण गर्दा कानून निर्माण र सोको परिपालना, जिम्मेवारी र जवाफदेहिता वहन, सार्वजनिक सम्पत्ति र स्रोतको उपयोग, सार्वजनिक निर्माण, सेवा प्रवाह र प्रतिवेदन प्रणालीमा सुधार गरी वित्तीय अनुशासन पालना गराउन महालेखा परीक्षकको कार्यालयले सुझाव दिएको छ । स्थानीय तहमा आन्तरिक आय एवं राजस्वको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयस्रोतको पर्याप्त आधारबेगर राजस्व छुट दिएको, राजस्व बक्यौता असूली लक्ष्यअनुसार नभएको, बजेट अनुशासनको पालना नभएको, बजेट अबण्डा राखेको, अनुत्पादक तथा वितरणमुखी कार्यक्रममा खर्च गरेको प्रतिवेदनमा उल्लेख छ।

सार्वजनिक आयव्ययको कार्य प्रचलित कानुनीविधि प्रक्रिया पूरा नगरी देखा पर्ने अनियमित रकमलाई बेरुजु भनिन्छ। यो आर्थिक कारोबारको हिनामिना हो, जसलाई आर्थिक अनुशासनहिनताको उपजका रूपमा लिइन्छ। यो प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोवार गरेको, राख्नुपर्ने लेखा नराखेको, बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको रकम कलम हो ।



गुरु पुर्णिमामा गुरुहरुको शुभकामनाः गुरु पुर्णिमाको अवसरमा अमरसिंह माविमा अध्ययनरत विद्यार्थीहरुले गुरुको महत्व वारे चर्चा गरेका छन् । विस २०२६ देखि २०३१ सालसम्म अध्ययनरत विद्यार्थीहरु र शिक्षकहरु विच गुरु महिमाको वारे चर्चा भएको आयोजकको तर्फवाट माधवप्रसाद सिग्देलले पोखरापत्रलाई वताए । फोटो-पोखरापत्र

# गुराँस लाइफद्धारा ३० लाख विमा रकम भुक्तानी

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० असार**

गुराँस लाइफ इन्स्योरेन्स कं लिमा केहि वर्ष पहिले जीवन बिमा गर्दा प्राण घातक रोगको सुबिधा लिएका एक मुटु सम्बन्धि रोग लागेका विमितलाई कम्पनीले बिहिवार ३० लाख भुक्तानी गरेको छ।

पोखरा-२९, पावर हाउस निवासी ३९ वर्षका मनप्रसाद थापामगरलाई पोखरा न्युरोड स्थित इन्स्योरेन्सको कार्यालयमा आयोजित एक कार्यक्रममा क्षेत्रिय कार्यालय पोखराका प्रमुख हरि शर्मा पौडेलले ३० लाखको चेक प्रदान गरेका छन् । सो अवसरमा यसप्रकारको सुविधा ५ लाख देखि ५० लाखसम्म मात्र लिन पाईने र कम्पनीले २० वटा रोगलाई प्राण घातक रोगमा समाबेस गरेको क्षेत्रिय कार्यलय पोखराका प्रमुख हरि शर्मा पौडेलले वताए । थापाले जिवन विमा गर्दा प्राण घातक रोगको लागि ३० लाखको विमा गरेको १ वर्ष पुरा भएर दोश्रो वर्ष लागेको विमा कम्पनीका बरिष्ठ क्षेत्रिय मार्केटिङ अधिकृत श्यामप्रसाद तिमिल्सिनाले वताए।

त्यसैगरी कम्पनीका मार्केटिङ अधिकृत प्रकाश रेग्मी, सिनियर एजेन्सी मेनेजर कृष्ण भट्टराई, सिनियर एजेन्सी मेनेजर लक्ष्मण भट्टराई, एजेन्सी मेनेजर बाबुराम लामिछाने, एजेन्सी मेनेजर बिनिता सुबेदी भण्डारी, एजेन्सी लिडर शरण पन्त, एजेन्सी मेनेजर गणेश कुमार श्रेष्ठ, लिडर सिता कुमाल, लिडर भोलानाथ अधिकारी (ए), लगायतको उपस्थिति रहेको थियो।

# प्राध्यापकको गल्तीले गर्दा प्रश्नपत्र हुबहु : त्रिवि

**रासस**
**काठमाडौं, ३० असार**

त्रिभुवन विश्वविद्यालयको हुबहु प्रश्नपत्रमा प्राध्यापक नै दोषी रहेको पाइएको छ। शिक्षा तथा स्वास्थ्य समितिको आजको बैठकमा त्रिविका उपकुलपति धर्मकान्त बाँस्कोटाले प्रश्नपत्र बनाउने प्राध्यापकको लापरवाहीले प्रश्नपत्र हुबहु भएको बताउनुभयो ।

"प्रश्नपत्र बनाउने जिम्मा पाएका प्राध्यापकले अल्छी गरेर पहिले बनाएको प्रश्नपत्र नै दिने र अर्काले बनाएको प्रश्नपत्र सार्नेजस्ता समस्या देखिए", उहाँले भन्नुभयो, "प्राध्यापकको अल्छीका कारणले प्रश्नपत्र दोहरिएको हो ।"

उहाँले त्रिविको परीक्षामा प्रश्नपत्र हुबहु सम्बन्धमा सम्बन्धित प्राध्यापकलाई कारबाही गरिएको बताउनुभयो । त्रिविले प्रश्नपत्र हुबहुका सम्बन्धमा प्राध्यापक घनश्याम भट्टराईको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको थियो । सोही छानबिन समितिको सिफारिसमा तीन जना प्राध्यापकलाई कारबाही गरिएको उहाँले बताउनुभयो । त्रिविमा मानविकी सङ्कायले गत जेठ १८ गते स्नातकोत्तर तह तेस्रो सेमेष्टरको अर्थशास्त्र विषयअन्तर्गत 'पब्लिक इकोनोमिक्स' र जेठ २३ गते स्नातकोत्तरतहकोराजनीतिशास्त्रको पहिलो सेमेस्टरको 'इन्टरनेशनल पोलिटिक्स' विषयको प्रश्नपत्र अघिल्लो वर्षको प्रश्नपत्रसँग हुबहु मिलेको थियो । यस्तै व्यवस्थापन सङ्कायको स्नातक तह बिबीए छैटौँ सेमेष्टरको यही असार २२ गते र असार २५ गतेको प्रश्नपत्र पनि हुबहु पाइएको छ । यस्तै मोर्डन नेपाल कलेजको तीन महिनाअघि सोधिएको प्रश्नपत्र असार २२ गतेको परीक्षामा र शङ्करदेव क्याम्पसले लिएको प्रिबोर्ड परीक्षामा सोधिएको प्रश्नपत्र यही असार २५ गते बिबीएलाई सोधिएको थियो ।

"ती उपप्राध्यापकलाई प्रश्नपत्र बनाउन दिँदा उहाँले मोर्डन कलेजमा नै सोधिएको प्रश्नपत्र दिनुभयो", उहाँले भन्नुभयो, "यसरी तीन महिनाअघि मोर्डन कलेजको आन्तरिक परीक्षामा सोधिएको प्रश्नपत्र त्रिविको परीक्षामा पनि सोधिएको पाइयो ।"

उहाँले समाजिक सञ्जालले गर्दा हुबहु प्रश्नपत्रबारे जानकारी प्राप्त भएको भन्दै अबदेखि हस्तलिखित प्रश्नपत्र माग्ने बताउनुभयो। "प्राध्यापकले प्रश्नपत्र बनाउनुभन्दा अर्काको किताबबाट सार्ने गरेको पाइएको छ", उहाँले भन्नुभयो, "अबदेखि हामी हस्तलिखित प्रश्नपत्र माग्ने छौँ ।" त्रिविका उपकुलपति डा. बास्कोटाले प्रश्नपत्रका हुबहु सम्बन्धमा त्रिविले प्राडा भोजराज अर्यालको संयोजकत्वमा पाँच सदस्यीय उच्चस्तरीय समिति गठन गरेको बताउनुभयो । समितिमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले हुबहु प्रश्नपत्रमा संलग्नलाई कारबाही गरिने बताउनुभयो । "हुबहु प्रश्नपत्र अल्छीपनाले होइन, गल्ती गरेका हुन्", उहाँले भन्नुभयो, "हुबहु प्रश्नपत्र बनाउनेलाई कारबाही गर्नुपर्दछ।"

यसै गरी समिति सभापति जयपुरी घर्तीले हुबहु प्रश्नपत्र बनाउनेलाई कारबाही गर्न निर्देशन दिनुभयो । "प्रश्नपत्रका सम्बन्धमा कहाँ-कहाँ गल्ती भएको छ", उहाँले भन्नुभयो, "ती गल्ती गर्नेलाई कारबाही गर्नुपर्दछ ।" समिति सदस्य योगेश भट्टराईले दोषीलाई कारबाही गर्नुपर्ने भन्दै त्रिवि कार्यालय तोडफोड गर्नेलाई पनि कारबाही गर्नुपर्ने बताउनुभयो । समिति सदस्य गिरिराजमणि पोखरेलले त्रिविलाई पुनः संरचना गर्नुपर्ने बताउनुभयो । सदस्य नवीना लामाले त्रिवि तहसनहस बन्न पुगेको भन्दै सबै मिलेर जोगाउन आवश्यक रहेको बताउनुभयो । समिति सदस्य मनकुमारी जिसी, सरिता न्यौपाने, मानबहादुर विकलगायतले त्रिविमा पटक-पटक प्रश्नपत्रमा हुने कमजोरीलाई अन्त्य गर्नुपर्ने भन्दै प्रश्नपत्रको सेटबाट नभई प्रश्नपत्र बैंकबाट छान्नुपर्नेमा जोड दिनुभयो ।

# विश्वकप क्रिकेट लिग दुई : नेपालद्वारा स्कटल्याण्ड पराजित

**रासस**
**काठमाडौं, ३० असार**

आईसीसी पुरुष विश्वकप क्रिकेट लिग दुईअन्तर्गत त्रिकोणात्मक एकदिवसीय सिरिजमा स्कटल्याण्डलाई पराजित गरेको छ। गए राति सम्पन्न खेलमा नेपालले स्कटल्याण्डलाई पाँच विकेटले हराएको हो । नेपालले स्कटल्याण्डलाई पहिलो पटक हराएको हो।

स्कटल्याण्डको ग्लास्गोस्थित टिटउड क्रिकेट मैदानमा नेपालले टस जितेर पहिला फिल्डिङ गर्ने निर्णय गरेको थियो। स्कटल्याण्डले ब्याटिङ गर्ने क्रममा ४२ दशमव पाँच ओभरमा सबै विकेट गुमाउँदै १४४ रन बनायो । एक सय ४५ रनको विजयी लक्ष्य नेपालले २५ दशमलव एक ओभरमा पाँच विकेट गुमाएर भेट्टायो । नेपालको जीतमा आसिफ शेखको ७१ रन सामेल थियो । उनले ६२ बल खेल्दै एक छक्का र १० चौका प्रहार गरे । यस्तै कुशल भुर्तेलले २७ रन, देव खनालले चार, दीपेन्द्रसिंह ऐरीले तीन तथा आरिफ शेखले एक रन बनाए । रोहितकुमार पौडेल ३४ रनमा अविजित रहे । बलिङतर्फ स्कटल्याण्डका गाभिन मेनले तीन तथा एड्रिन निल र रिची बेरिङटनले एक/एक विकेट लिए। त्यसअघि टस हारेर ब्याटिङ गर्ने क्रममा स्कटल्याण्डका लागि गाभिन मेनले अविजित ६४ रन बनाए । मार्क वाटले १७, साफ्यान शारिफले १६ र कलुम म्याकलोडले १३ रनको योगदान दिए। बलिङतर्फ नेपालका सोमपाल कामी र मोहमद आदील आलमले तीन/तीन, कप्तान सन्दीप लामिछानेले दुई तथा करण केसी र दीपेन्द्रसिंह ऐरीले एक/एक विकेट लिए। यस सिरिजमा नेपालको यो पहिलो जित हो। यसअघि पहिलो खेलमा नेपाल नामिबियासँग ४० रनले पराजित भएको थियो । स्कटल्याण्डको भने यो पहिलो हार हो। पहिलो खेलमा स्कटल्याण्डले नामिबियालाई ७७ रनले हराएको थियो । जितसँगै नेपालले १८ खेलमा १७ अङ्क जोडेको छ । नेपाल अङ्क तालिकाको पाँचौँ स्थानमा उक्लिएको छ।

बुटिक पसल बिक्रीमा

पोखरा-४ चिप्लेढुंगा, मानवअधिकार चोक UFO अगाडि अति चालु अवस्थामा रहेको फ्लोरा द बुटिक पसल विशेष कारणवस तुः बिक्रीमा छ ।

सम्पर्कः
मो. ९८०४१४९२६३, ९८५६०३६१२१

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (वाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# असारको अन्त्यसम्म पनि रासायनिक मलको समस्या

–वासुदेव पौडेल
गण्डकी, ३० असार (रासस)

"जम्मा हुन्छन् किसानगण यी बीज मानो छरेर
देख्छन् होला मधुर सपना काम राम्रो गरेर ।
खन्छन् जोत्छन् जमिन सबले घामपानी सहेर
हाम्रो यस्तो श्रम र पसिना फल्छ जाँदैन खेर ॥"

कवि वासुदेव पाण्डेयको प्रकृतिपरक कविता सङ्ग्रह 'दुलही' को सम्झनामा असार शीर्षकको कवितामा भनेजस्तै नेपालमा असार महिनालाई मानो खाएर मुरी उब्जाउने समयका रुपमा लिने गरिएको छ । श्रम र पसिना खर्चेर उत्पादनमा जोड दिने किसान भने समस्या नै समस्यामा अल्झिनुपर्ने विवशता यतिखेर गम्भीर चुनौतीको विषय बनेको छ । कृषिको आधुनिकीकरणको अभावमा अझै पनि निर्वाहमुखी कृषि पेशा अँगाल्नुपर्ने बाध्यताका साथै प्रत्येक वर्ष मल र बीउ नपाएर भौतारिनुपर्ने समस्याले आम किसान ग्रस्त भएको अगुवा किसान हरिप्रसाद आचार्य बताउनुहुन्छ ।

संरक्षणको अभावमा रैथाने प्रजातीका धान लोप भइसकेको र रोपाइँको समयमा कृषि मल नपाउँदा त्यसले उत्पादनमा पनि ह्रास आउने गरेको उहाँ बताउनुहुन्छ। "असारको अन्त्यसम्म आइपुग्दा रासायनिक मलको अभावले रोपिएका खेतमा पनि मल राम्रोसँग राख्न पाइएको छैन", कुर्लिङ बराह किसान समूहका अध्यक्षसमेत रहनुभएका आचार्य भन्नुहुन्छ, "दुःख गरेर उत्पादन गर्ने काममा लागेका किसानलाई रोप्ने बेलामा मलको अभाव हुनु जटिल विषय हो, यसबारे राज्यले सोच्नु जरुरी छ ।" पछिल्ला समयमा घडेरी बनाउने नाममा धान खेत मासिँदै गएको र रोप्ने खेतमा पनि समयमा मल बीउ नपाउँदा समस्या पर्ने गरेको उहाँ बताउनुहुन्छ । पछिल्ला वर्षमा कास्की र आसपासका क्षेत्रमा लगाउने गरिएका रैथाने जातका धान लोप हुँदै गएको छ ।

"कास्कीको सुरौदी र आसपासका क्षेत्रमा विगतमा लगाउने गरिएको मगमग बास्ना आउने रमनी धानको बीउ अहिले पाउन सकिदैन", कृषक आचार्य भन्नुहुन्छ, "पछिल्ला वर्षमा यहाँ पाइने ढावे गौरिया, वीरेनफूल, कृष्णबौ, चोभोजस्ता धानका बीउ हराइसकेका छन् ।" तालैतालले भरिएका कास्की जिल्लाका अधिकांश स्थानमा पाइने जङ्गली धान नाभो लोप भइसकेको यहाँका स्थानीयवासी बताउँछन् । धानको अति प्राचीन प्रजाति नाभोबाटै विस्तारै अन्य धानको विकास भएको विश्वासका आधारमा यसलाई धानको जननी मानिन्छ ।

पछिल्ला वर्षमा रासायनिक मलको बढ्दो प्रयोगसँगै धानमा रहेका मौलिक गुण पनि हराउँदै गएको सम्बद्ध किसानको गुनासो छ । झण्डै डेढदशक अघिसम्म सुरौदी, मालमूल, कुडहर, विरौटालगायत स्थानमा फल्ने गरेका पहेँले, जेठोबुढोलगायत बास्नादार धानमा अहिले भने बास्ना आउन छोडेको उनीहरू बताउँछन् । रासायनिक मलको बढ्दो प्रयोगसँगै उत्पादन बढाउने नाममा वर्णशङ्कर जातका धानको बीउ बढी प्रयोग हुनाले रैथाने जात हराउँदै गएको अर्का किसान भवानी सुवेदी बताउनुहुन्छ । स्थानीय किसानका अनुसार पछिल्ला वर्षमा गौरिया, बिरम्फूल, आँगा, रमनी, रुदुवा मार्सीजस्ता धान देखिन छोडेको छ। नयाँ जातका धानको आगमनसँगै परम्परागत रुपमा रोपिने पोखरेली मसिनो (पहेँले), मनसरा, ठिमाहा, ताकमारे, खोलेमार्सी, आँपझुत्ते, झिनुवा, अनदी, गुर्दी, मानामुरी, कन्जीरा, मन्सुली, तौली, खाल्टेखोले, गोला, कोदे, गुडुरा, जर्नेली, गौरिया, बर्मेली, एक्लेजस्ता धान विस्थापित हुने अवस्थामा पुगेका छन् । कम उचाइमा हुने गरेका काठे गुर्दी, तौली, फालो, पहेँले, लहरे गुर्दी, घैया, कालो झिनुवा, माला, विमरफुल, भट्टे, अँधेरे, काँडे, कालो बयर्नी, कालो अनदीलगायत धान पनि पछिल्लो समय विस्थापित भइसकेका छन् । पछिल्ला समयमा कास्कीका अधिकांश स्थानमा सुधारिएको जेठोबूढो, खुमल, राधा सात, राधा नौ, सावित्री, मनसुली, पहेँलेजस्ता धान धेरै मात्रामा रोप्ने गरिएको छ । रैथाने प्रजाती हराउनाका साथै कृषिमा इच्छा राख्नेले समयमा मल तथा बीउ नपाउनु पनि कृषि क्षेत्रको ठूलै समस्याका रुपमा देखापरेको छ । यस वर्ष पनि कास्कीका अधिकांश स्थानमा जेठको तेस्रो साताबाटै रोपाइँ थालिए पनि असार मसान्तसम्म पनि मलको अभाव नै रहेको किसान आचार्यको भनाइ छ । राम्रो उत्पादनका लागि मल आवश्यक भए पनि त्यसलाई सहज रुपमा पाउन नसक्दा किसान चिन्तित बनेको उहाँ बताउनुहुन्छ ।

विशेषतः धान रोप्ने बेलामा डिएपी र पोटासजस्ता कृषि मल भण्डारण गर्नु आवश्यक हुने पोखरा महानगरपालिका कृषि महाशाखाका प्रमुख मनोहर कडरियाको भनाइ छ । उत्पादन बढाउनका लागि ती मल रोप्ने बेलामा छर्नुपर्ने भए पनि सहज रुपमा प्राप्त हुन नसक्दा किसान समस्यामा परेको उहाँ बताउनुहुन्छ ।

# फिस्टेलमा कविता प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, ३० असार

पोखरा-१७ विरौटामा अवस्थित फिस्टेल एकेडेमीले २०९ औँ भानु जयन्ती तथा गुरुपूर्णिमाका अवसरमा खुला कविता प्रतियोगिता एवं रामायण वाचन कार्यक्रम आयोजना गरेको छ ।

नेपाली भाषा विभागको आयोजनामा भएको कार्यक्रममा मावितर्फ कक्षा १२ विज्ञान संकायकी छात्रा प्राप्ति लम्साल प्रथम, कक्षा १२ व्यवस्थापन संकायका रोशन खत्री द्वितीय, ९ की छात्रा साइरिन गुरुङ र कक्षा ८ कि छात्रा एलिासा पौडेल तृतीय, कक्षा ७ का छात्र आयाम लामिछाने र कक्षा ६ कि छात्रा आभनासिंह विश्वकर्माले चतुर्थ स्थान हाँसिल गरे । प्रावितर्फ सर्वानी पौडेल, अजला लामिछाने, आरभ आचार्य, बासब पौडेल र रेनाज्मी बास्तोला क्रमशः पहिलो, दोस्रो, तेस्रो र चौथोस्थान




ओगट्न सफल भए । विद्यालयका संस्थापक चिनु रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्राचार्य डा. त्रिद्विव उपाध्यायले आफ्नो सगरमथा शीर्षकको कविता वाचन गरी स्वागत गरेका थिए । आदिकवि भानुको तस्विरमा माल्यर्पणसँगै दीप प्रज्वलन गरी सुरु भएको कार्यक्रममा विद्यार्थीहरुले विभिन्न साङ्गीतिक प्रस्तुति समेत राखेका थिए । कार्यक्रमको सञ्चालन विद्यार्थीहरु रिया श्रेष्ठ,आर्यश, आयुष रानाभाट र प्रेक्षा रानाभाटले गरेका थिए । प्रतियोगिताका विजेताहरुलाई पुरस्कार र प्रशंसा पत्र शुक्रकार वितरण गरिने जानकारी कार्यक्रमका संयोजक विभागीय प्रमुख गोपाल खनालले दिए । साथै विद्यार्थीहरुले गुरुपूर्णिमाका अवसरमा विद्यार्थी परिषद्सँगै प्रत्येक कक्षाका विद्यार्थीहरुले भव्य रुपमा गुरुहरुको सम्मानमा कार्यक्रम गरेका थिए ।

# ४० लाख पुगे करदाता

रासस
काठमाडौं, ३० असार

करको दायरामा आउने करदाताको सङ्ख्या ४० लाख पुगेको छ । महालेखा परीक्षकको कार्यालयले बुधबार सार्वजनिक गरेको ५९औँ प्रतिवेदनअनुसार आव २०७७/७८ सम्म ४० लाख ५९ हजार १०७ करदाता पुगेका हुन् ।

प्रतिवेदनअनुसार आयकर, मूल्य अभिवृद्धि कर र अन्तशुल्क तीनवटै समूहका करदाताको सङ्ख्यामा वृद्धि भएको हो । त्यसमा व्यावसायिक स्थायी लेखा नम्बर १५ लाख ७७ हजार ३८३, व्यक्तिगत स्थायी लेखा नम्बर २४ लाख ७१ हजार ७२६ र अग्रिम कर स्थायी लेखा नम्बर नौ हजार ९९८ जनाले लिएका छन् । आव २०७६/७७ को तुलनामा चालु आव २०७७/७८ आयकरतर्फ १८.९, मूल्य अभिवृद्धितर्फ ४.८७ र अन्तशुल्क इजाजत पत्रतर्फ ९.६८ प्रतिशतले स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्यामा वृद्धि भएको हो । यो वर्ष आयाकरतर्फ स्थायी लेखा नम्बर लिनेको सङ्ख्या छ लाख ४५ हजार ७१७ ले बढेर ४० लाख ५९ हजार १०७ पुगेको छ । यस्तै मूल्य अभिवृद्धितर्फ करमा दर्ता हुनेको सङ्ख्या दुई लाख ६८ हजार ४३६ पुगेको छ भने अन्तशुल्क इजाजतपत्र लिनेको सङ्ख्या एक लाख तीन हजार ४२३ पुगेको छ । महालेखाको प्रतिवेदनअनुसार चिकित्सक, इञ्जीनियर, वकिल, सल्लाहकार, लेखापरीक्षक, कलाकार, खेलाडी, शिक्षक प्राध्यापकलगायतका पेशाविद्, अधिकांशले स्थायी लेखा नम्बर नलिएका र लिएकाले समेत आय विवरण दाखिला नगरेको उल्लेख गरिएको छ । महालेखाले ५८औँ प्रतिवेदनमा समेत पेशाविद्हरूले आफ्नो पेशागत प्रमाणपत्रलाई नवीकरण गर्दा कर चुक्ता वा कर विवरण पेश गरेको प्रमाणपत्र माग गर्ने व्यवस्था गर्नुपर्ने कुरा उठाएको थियो । सरकारले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्दा पेशा व्यवसायमा संलग्न व्यक्तिको पेशागत प्रमाणपत्र नवीकरण गर्दा स्थायी लेखा नम्बर र करचुक्ता प्रमाणपत्र अनिवार्यरूपमा पेश गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ । महालेखाले सम्बद्ध निकायबीच अन्तरआबद्धतासहित उक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने उल्लेख गरेको छ ।

# सूर्योदय हेर्न बनौगाउँमा पर्यटकको आकर्षण

– खेमराज गौतम
बागलुङ, ३० असार

चिसो हावापानी, चट्ट मिलेको सानो गाउँ । समुद्री सतहदेखि दुई हजार ५०० मिटरको उचाइमा छ सुन्दर बनौगाउँ । गाउँमाथिको जङ्गलको बीचमा रहेको पहाडको दृश्यावलोकन स्तम्भ ।

त्यही पहाडको टुप्पो अहिले चर्चामा छ । चर्चामा पनि किन नहोस् उक्त स्थानबाट धवलागिरिका तीन जिल्ला सदरमुकाम एकैसाथ देख्न सकिन्छ । बनौलेकको हल्जुरेडाँडाबाट देखिने दन्तेलहर जस्तै हिमशृङ्खलाले त्यहाँ पुग्ने आन्तरिक पर्यटकलाई नलोभ्याउने कुरै भएन । हल्जुरेडाँडाबाट देखिने सूर्योदयले त दार्जलिङको झल्को नै मेटाउने गरेको छ । सूर्योदय हेर्नका लागि दार्जलिङ पुग्ने पर्यटकका लागि यो आकर्षक गन्तव्य बन्न सक्नेमा दुईमत छैन । म्याग्दीको सदरमुकाम बेनी बजार, बागलुङ बजार र पर्वतको कुश्माबजार एकसाथ देख्न सकिने उक्त डाँडाले बनौप्रति पर्यटकलाई आकर्षित गरिरहेको छ । मध्यपहाडी पुष्पलाल लोकमार्ग बागलुङ-पर्वत खण्डको अर्मादीबाट एक घण्टामै पुग्न सक्ने स्थानमा रहेको बनौ अहिले सडक कालोपत्र भएपछि झनै बढी चर्चामा आउन थालेको हो । कला, संस्कृतिको धनी रहेको बनौगाउँमा मगर समुदायको बाहुल्यता रहेको छ । उनीहरूको मारुनी नाच र मगर बाजा यहाँको पहिचानसमेत हो । उकालो कच्ची सडक भएका कारण कालोपत्र नहुँदा बनौ पुग्नै सास्ती भए पनि अहिले बनौसम्मै सडक कालोपत्र पुगेपछि आन्तरिक पर्यटक यहाँ आउन थालेको जलजला गाउँपालिका-९ बनौका अध्यक्ष गौबहादुर पुनले बताउनुभयो । "बाहिरी पर्यटक ल्याउने मुख्य आधार सडक हो, सडकका कारण धेरै विकास रोकिनेरहेछ, बनौ आउने सडक हालैमात्रै कालोपत्र भएको छ, बगैँचाबाट साढे १२ किलोमिटर सडक हालैमात्र पक्की भएपछि बनौ पुग्न निकै सहज भएको छ", अध्यक्ष पुनले भन्नुभयो, "आन्तरिकमात्रै होइन, बाह्य पर्यटकसमेत ल्याउने हाम्रो योजना हो, अहिले हल्जुरेडाँडामा पुग्ने पदमार्ग, शौचालयसहितको सत्तल र खानेपानीको व्यवस्थापन गरेका छौँ, दोस्रो कार्यकाल भर्खर सुरु भएको छ, बनौ आफैँमा सौन्दर्ययुक्त छ, प्रचार-प्रसार नपुगेर हो सबैको सहयोगमा यस क्षेत्रको प्रचार-प्रसारमा जुटेका छौँ, वडा कार्यालय र गाउँपालिकाले समय-समयमा पर्यटन क्षेत्रका विज्ञ तथा पर्यटन अभियानकर्मीलाई समेत त्यहाँ लैजाने गरेको छ ।"उच्च पहाडी भेगमा रहेकाले त्यहाँ उत्पादित आलु निकै स्वादिष्ट छ । त्यहाँ पुगेकाहरूले बनौको मुख्य बाली आलु खोजी-खोजी कोसेली लैजाने गरेका छन् । बागलुङ, पर्वत र म्याग्दीबाट करिब एक घण्टाको सवारी यात्रामा पुग्न सकिने भएपछि तीन जिल्लाका आन्तरिक पर्यटकको रोजाइ बनौलेक बन्न थालेको छ ।

यस स्थानमा चिसो मौसम र हिउँ पर्दा बढी आन्तरिक पर्यटक आउने गरेको स्थानीय अमबहादुर गर्बुजाले बताउनुभयो । "यस स्थानमा सूर्योदय दृश्यावलोकन नै मुख्य विशेषता हो, पछिल्लो समय पर्यटक यहाँ वनभोज खानसमेत आउँछन्", गर्बुजाले भन्नुभयो, "बेलुका आएर बिहान सूर्योदय र हिमाल हेरेर फर्कने गरेका छन्, केही पर्यटक खानेबस्ने व्यवस्थासहित र टेण्ट टाँगेर डाँडामै बस्ने गरी आउँछन्, अहिले बर्खा लागेर होला कम पर्यटक आएका छन्, हिउँ पर्दा यस स्थानमा पर्यटक बोकेका सवारी साधन राख्ने ठाउँ नै हुँदैन ।" यस क्षेत्रामा पर्यटकका लागि होटलको समेत व्यवस्था छ ।

# डेभिजफल सहकारीको वार्षिकोत्सवमा रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, ३० असार

डेभिज फल बचत तथा ऋण सहकारी संस्था लि., पोखरा-१७ को १२ औं वार्षिकोत्सव अवसरमा रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा ५७ युनिट रगत संकलन भएको सहकारीका प्रबन्धक यज्ञप्रसाद भण्डारीले जानकारी दिए ।

प्रमुख अतिथि पोखरा १७ का वडाध्यक्ष राधिका शाही योगीले सहकारीले छोटो समयमै गरेको प्रगतिको प्रशंसा गर्दै अझ सफलताको कामना गरिन् ।

कार्यक्रममा पोखरा २१ वडाध्यक्ष दीपकप्रसाद सुवेदी, नेकपा (एमाले) पोखरा १७ का अध्यक्ष ऋषभ तिमिला, रेडक्रस सोसाइटी पोखरा १७ उपशाखा सभापति झपिन्द्रराज रेग्मी, पुम्दीभुम्दी कृषि सहकारी अध्यक्ष झम्कनाथ देवकोटा,



क्षेत्रीय रक्तसंचार केन्द्र पोखराका वरिष्ठ प्राविधिक महेन्द्र केसी, सल्लाहकार युवक लामिछाने, डेभिज फल टोल विकास संस्था अध्यक्ष प्रवीण पौडेल, गुप्तेश्वर महिला सहकारी अध्यक्ष तीला ढकाल, इन्द्रेणी सहकारी उपाध्यक्ष विन्दु कार्की लगायतले बोलेका थिए । सो अवसरमा नवविर्वाचित वडाध्यक्षहरु राधिका शाही योगी र दीपकप्रसाद सुवेदी एवं पत्रकार विजय नेपाललाई सम्मान गरिएको थियो । सहकारी अध्यक्ष राजन अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत शिक्षा समिति संयोजक शर्मिला भण्डारी र संचालन सचिव राजेन्द्रबहादुर थापाले गरेका थिए । रक्तदान कार्यक्रमको संयोजन भीष्मजी कार्कीले गरेका थिए ।


## मध्यनेपाल नगरपालिका
# चिसंखु स्वास्थ्य चौकी
## वडा नं ७, लमजुङ

### क्याटलग/ब्रोसर सपिङ विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धमा

**प्रथम पटक प्रकाशित मिति : २०७९।०३।३१ गते**

यस नगरपालिकाका लागि आवश्यक सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ संशोधन सहितको दफा ८ को उपदफा १ क ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ एघारौं संशोधन सहितको नियम ३१ ख बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने क्याटलग सपिङ विधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ खा को उपनियम २ अनुसार तपशिल बमोजिमको सवारी साधनका उत्पादक वा आधिकारिक बिक्रेताहरुबाट उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र सोको अध्यावधिक भएको पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७।०७८ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र उक्त सवारी साधन सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण सम्बन्धी कार्य अनुभवको प्रमाणपत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेसन गुणस्तर मूल्य तथा सुविधा सहितको विवरण क्याटलग वा ब्रोसर संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन १२:०० बजेसम्म यस कार्यालयमा निवेदन दर्ता गराउन आव्हान गरिएको छ। पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन निवेदन पेश गर्न सकिनेछ। थप जानकारी आवश्यक परेमा यस कार्यालयको वेबसाईट www.madhyanepal.gov.np वा फोन नं. ०६६-४१००५२ मा सम्पर्क राख्न सकिनेछ।

**तपशिल :**

| क. सं. | सवारी साधनको नाम | आवश्यक संख्या | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | Ambulance | १ (एक) थान | Four wheel Drive, suitable to operate in rough and hilly road condition, Vehicle Weight2500kg, seating capacity for least 3 persons including driver, one streatcher, one storage for medicine, right hand drive, four storke water cooled diesel engine, engine volume at least 2500CC,Max rated power not less than 45 KWant governed RPM, Dry Single Plate/Hydraulic,Manual Shift atleast four forward and one reverse, 4WD engaged through control driver, Ground clearance 165mm, Minium of one year warranty after acceptance | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ। स्वीकृत Technical Specification को लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ। |